| | | | |
|---|---|---|---|
| २१ | निर्माण सञ्चार योजना | १५ | १५ |
| | | १३,१८१,६ | १३,१८,६१ |
| | | १३,१८,६१ | १३ १८ ६१ |

इति सम्वत् २०१६ साल गते रोज शुभम् ।
लालमोहर सदर मितिः २०१६।४।१०।४.

आज्ञाले–
उदयप्रसाद उपाध्याय
श्री ५ को सरकारको सह–सचिव,
कानून तथा न्याय मन्त्रालय ।

श्री ५ को सरकार

# कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०१६ सालको ऐन नं. १०

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपाल तारा अति ओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद् ॐ रामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा दक्षिणबाहु महाधिपति फील्ड मार्शल र सर्वोच्च कम्याण्डर इन–चीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जंगबहादुर शाहबहादुर शमशेर जंग देवानाम् सदा समरविजयिनाम् ।

## कर्मचारी सञ्चय कोषको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः– श्री ५ को सरकारका र अरू संगठित स्वशासित संस्थाका कर्मचारीहरूको निमित्त सञ्चय कोषको व्यवस्था गर्नु वान्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधानको धारा ५५ अनुसार यो ऐन बनाइबक्सेको छ ।

## परिच्छेद– १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यो ऐनको नाम "कर्मचारी सञ्चय कोष ऐन, २०१६" रहेको छ ।

162

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ र जहाँसुकै रहे बसेको भए तापनि श्री ५ को सरकारका सबै कर्मचारीहरूलाई समेत लागू हुनेछ।

(३) यो दफा तुरुन्तै प्रारम्भ हुनेछ र अरू बाँकी दफाहरूमध्ये सबै वा केही दफा वा उपदफाहरू श्री ५ को सरकारले नेपाल गजेटमा समय समयमा सूचना प्रकाशित गरी तोकिएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा—

(क) "कोष" भन्नाले दफा ३ अन्तर्गत स्थापना गरिएको कर्मचारी सञ्चय कोष सम्झनु पर्छ ।

(ख) "कर्मचारी" भन्नाले श्री ५ को सरकारका जङ्गी र निजामती सबै कर्मचारीहरू सम्झनु पर्छ ।

(ग) "समिति" भन्नाले दफा ४ अन्तर्गत गठन गरिएको कर्मचारी सञ्चय कोष सञ्चालक समिति सम्झनु पर्छ ।

(घ) "ऋणपत्र" भन्नाले राष्ट्र ऋण ऐन, २०१७ अन्तर्गत श्री ५ को सरकारले निष्काशन गरेको ऋणपत्र सम्झनु पर्छ र यो शब्दले विदेशी सरकारको ऋणपत्रलाई समेत जनाउँछ ।

(ङ) "सञ्चय कोष बैंक" भन्नाले कोषको पूंजीबाट दफा १९ को खण्ड (ङ) मा उल्लेख गरिएको बैंकिग कारोबार गर्न खडा भएको सञ्चय कोष बैंक सम्झनु पर्छ ।

(च) "प्रतीतपत्र" (लेटर अफ् क्रेडिट) भन्नाले एक बैंकले अर्को बैंकको नाउँमा फलाना व्यक्तिको यति रुपैयाँले खामेसम्मको चेक ड्राफ्ट वा हुण्डीहरू स्वीकार गर्नु भनी लेखेको पत्र सम्झनु पर्छ।

(छ) "मुद्दती खाता" भन्नाले निश्चित म्यादसम्म बैंकमा जम्मा रहने गरी ग्राहकहरूले राखेको रुपैयाँको हिसाब लेखिएको खाता सम्झनु पर्छ।

(ज) "चल्तीखाता" भन्नाले मागेका बखत जहिले पनि झिक्न पाउने गरी ग्राहकहरूले बैंकमा राखेको रुपैयाँको हिसाब लेखिएको खाता सम्झनु पर्छ ।

(झ) "बचतखाता" भन्नाले ग्राहकहरूले आफ्नो आम्दानीबाट बचत गरेको रुपैयां सञ्चय गरी राख्नको निमित्त बैंकमा राखेको रुपैयाँको हिसाब लेखिएको खाता सम्झनु पर्छ ।

(ञ) "डिबेञ्चर" भन्नाले कम्पनीले आफ्नो जायज्यथा धितो वा जमानत राखी लिएको ऋणको तमसूक सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ट) "बिल अफ् एक्सचेञ्ज" भन्नाले फलाना मितिमा वा मागेको बखत फलाना व्यक्तिलाई वा निजले दिनु भनेका व्यक्तिलाई वा सो लिखत लिई आउने व्यक्तिलाई विना शर्त यति रुपैयाँ दिनु भनी कुनै एक बैंकले अर्को बैंकलाई दस्तखत गरी दिएको लिखत सम्झनु पर्छ।

(ठ) "प्रोमिसरी नोट" भन्नाले फलाना मितिमा वा मागेको बखत फलाना व्यक्तिलाई वा निजले दिनु भनेका व्यक्तिलाई विना शर्त दिन्छु भनी वादा गरी दिएको खिलत सम्झनु पर्छ।

(ड) "तलब" भन्नाले सेवाको शर्त बमोजिम कर्मचारीले ड्यूटीमा रही काम गर्दा वा बिदामा बस्दा नगदीमा पाउने तलब र भत्ता सम्झनु पर्छ, तर घर भाडा, सवारी सुविधा, दैनिक भ्रमण भत्ता, पारिवारिक भत्ता, औषधि भत्ता, विदेश भत्ता वा कामको प्रकृति हेरी त्यस्तै विशेष रूपबाट दिइने अरू सुविधाहरू बापत पाउने नगदी र उपहारको रूपमा पाउने नगद रकमलाई जनाउँदैन।

## परिच्छेद–२

### स्थापना, गठन र व्यवस्था

३. कोषको स्थापनाः– (१) कर्मचारी सञ्चय कोष नामको एक कोष स्थापना गरिने छ। कोषमा निम्नलिखित रकमहरू रहने छन् र यो ऐन वा यस अन्तर्गत बनेका नियमहरू बमोजिम गर्नुपर्ने सबै काम काजको निमित्त कोषबाट खर्च बेहोरिने छः—

(क) कोषको आर्थिक सहायताको निमित्त श्री ५ को सरकार वा अन्य व्यक्तिले दिएका सबै रकमहरू,

(ख) यो ऐन बमोजिम कर्मचारीहरूको तलबबाट कट्टा गरिएको सबै रकमहरू,

(ग) कोषको रकमबाट व्याज र लाभको रूपमा उठेका सबै रकमहरू,

(घ) यो ऐन प्रारम्भ हुनुभन्दा अघि श्री ५ को सरकारले सञ्चालन गरेको निजामती प्रभिडेण्ट फण्ड, सैनिक द्रव्य कोष र कर्मचारी को सञ्चय कोषमा भएको सबै रकमहरू, र

(ङ) कोषलाई प्राप्त भएका अरू सबै रकमहरू।

(२) कोषको सबै रकम नेपाल राष्ट्र बैंकमा जम्मा गरिने छन्।

(३) कोष अविच्छिन्न उत्तराधिकारवाला एक स्वचालित र संगठित संस्था हुनेछ। संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ। कोषले आफ्नो नामबाट नालेश उजूर गर्न र निज उपर पनि सोही नामबाट नालेश उजूर लाग्न सक्ने छ।

१६० अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) यो ऐन र यस अन्तर्गत बनेको नियमहरूको अधीनमा रही कोषले चल अचल सम्पत्ति प्राप्त गर्न, राख्न नामसारी गर्न र यो ऐनको उद्देश्य पूर्तिका लागि आवश्यक भएका अरू सबै काम गर्न सक्ने छ।

(५) कोषको प्रधान कार्यालय काठमाडौंमा रहने छ र कोषको काम सुचारू रूपले चलाउन कोषले चाहेको बखत नेपाल अधिराज्यका अन्य क्षेत्रहरूमा शाखा उपशाखाहरू खोल्न सक्ने छ।

४. समितिको गठनः— (१) कोषको सञ्चालनको निमित्त देहाय बमोजिमका सदस्यहरूको एक कर्मचारी सञ्चय कोष सञ्चालक समिति गठन हुनेछः—

(क) एक जना प्रशासक,
(ख) एक जना सहायक प्रशासक, र
(ग) अरू ४ जना सञ्चालकहरू।

(२) समितिको प्रशासक र सहायक प्रशासकको नियुक्ति श्री ५ को सरकारले गर्नेछ र निजहरूको कार्य अवधि पाँच वर्षको हुनेछ। एकै जना व्यक्तिलाई प्रशासक वा सहायक प्रशासकको पदमा जति पटक पनि पुर्ननियुक्ति गर्न सकिने छ। निजहरूको तलब भत्ता र अरू सुविधाहरू श्री ५ को सरकारले तोकिदिए बमोजिम हुनेछ।

(३) समितिका अरू सञ्चालकहरूको नियुक्ति पनि श्री ५ को सरकारले गर्नेछ। प्रत्येक सञ्चालकको कार्य अवधि तीन वर्षको हुनेछ। एकै जना व्यक्तिलाई जति पटक पनि सञ्चालकको पदमा पुर्ननियुक्ति गर्न सकिने छ र प्रत्येक सञ्चालकले समितिको सभामा उपस्थित भएका दिनको निमित्त श्री ५ को सरकारले तोकिदिए बमोजिमको फीस र अरू सुविधा पाउने छ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रशासक र सहायक प्रशासक बाहेक पहिलो पटक नियुक्त भएका अरू सञ्चालकहरूमध्ये दुई जना सञ्चालकहरूले नियुक्त भएका मितिले दुई वर्ष पछि गोला प्रथाद्वारा अवकाश पाउने छन्।

५. अयोग्यताः— देहायको अवस्थाका कुनै व्यक्ति प्रशासक, सहायक प्रशासक वा संचालक हुन पाउने छैनः—

(क) ऋण तिर्न नसकी साहूको दामासाहीमा परेको व्यक्ति, वा
(ख) बहुलाएको वा मानसिक सन्तुलन रहित भएको व्यक्ति, वा
(ग) नैतिक पतन देखिने फौज्दारी अभियोगमा दोषी साबित भै अदालतबाट कैदको सजाय पाएको व्यक्ति, वा
(घ) प्रशासक वा सहायक प्रशासक बाहेक कोषको अरू अफिसर वा कर्मचारीको पदमा बहाल रहेको व्यक्ति।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ९६५

६. खाली खाल्सा र खाली स्थानको पूर्ति:– (१) प्रशासक, सहायक प्रशासक वा कुनै सञ्चालक देहायका अवस्थामा आफ्नो पदबाट मुक्त हुनेछन्:––

(क) लिखित राजीनामा श्री ५ को सरकारबाट स्वीकृत भएमा, वा

(ख) समितिको अनुमति विना लगातार तीन पटकसम्म समितिको सभामा उपस्थित नभएमा, वा

(ग) दफा ५ मा उल्लिखित कुनै अयोग्यताको अवस्थामा पर्न गएमा, वा

(घ) निजलाई सो पदमा कायम राख्नु कोषको हितको निमित्त उचित छैन भन्ने देखी श्री ५ को सरकारले समितिलाई लिखित सूचना पठाएमा ।

(२) उपदफा (१) मा लेखिएको अवस्था परी कार्य अवधि समाप्त हुनुभन्दा अघि खालि हुन आएको प्रसाशक, सहायक प्रशासक वा कुनै सञ्चालकको पदमा श्री ५ को सरकारबाट नियुक्त व्यक्ति साबिकवालाको बाँकी अवधिसम्ममात्र सो पदमा बहाल रहने छन् ।

(३) बिरामी परेको वा बिदामा बसेको वा अरू कुनै कारणबाट केही समयको लागि प्रशासक, सहायक प्रशासक वा कुनै सञ्चालकले समितिको काम चलाउन नसक्ने भएमा सो समयको लागि काम चलाउन निजको ठाउँमा श्री ५ को सरकारले अर्को व्यक्ति-लाई कायम मुकायम नियुक्त गर्न सक्ने छ ।

७. व्यवस्था:– (१) प्रशासकको राय बुझी श्री ५ को सरकारले राष्ट्र हितको लागि आवश्यक ठह्याएको निर्देश समय समयमा कोषलाई दिन सक्ने छ ।

(२) उपदफा (१) अन्तर्गत दिइएको निर्देशहरूको अनुशरण गरी कोषको सञ्चालन गर्ने र यस ऐन अन्तर्गत कोषले गर्नुपर्ने सबै कार्य सम्पादन गर्ने कार्यभार समितिको हुनेछ ।

(३) समितिले यो ऐन अन्तर्गत आफूले पाएको अख्तियारी आवश्यकतानुसार प्रशासक वा कुनै उपसमितिलाई सुम्पन सक्ने छ। कोषको काम सुचारू रूपले चलाउन प्रशासकले आफूले पाएका कामको अख्तियारी आफ्नो जवाफदेहीमा कोषका आफू मातहतका अफिसर र कर्मचारीलाई सुम्पन सक्ने छ ।

८ समितिको सभा:– (१) प्रशासकले वा निजको अनुपस्थितिमा सहायक प्रशासकले बोलाएका बखत समितिको सभा बस्ने छ। यस्तो सभा कम-से कम वर्षको ६ पटक र तीन महीनाको एक पटक बोलाउनु पर्छ। कम-से-कम दुई जना सञ्चालकहरूले लिखित अनुरोध गरेमा त्यसको तीन दिनभित्र प्रशासकले वा निजको अनुपस्थितिमा सहायक प्रशासकले सभा बोलाउनु पर्छ ।

(२) प्रशासक वा निजको अनुपस्थितिमा सहायक प्रशासकसहित अरू कम-से-कम २ दुई जना सञ्चालकहरू उपस्थित नभै समितिको सभा गर्नु हुँदैन ।

१६०१० आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) प्रशासकको सभापतित्वमा वा निजको अनुपस्थितिमा सहायक प्रशासकको सभापतित्वमा समितिको सभा हुनेछ ।

(४) समितिको सभामा निर्णयको लागि प्रस्तावित भएको जुनसुकै प्रश्नको निर्णय उपस्थित भै मतदान गर्ने सहायक प्रशासक र अरू सञ्चालकहरूको मतदानको बहुमतबाट हुनेछ । सभापतित्व गर्ने प्रशासक वा सहायक प्रशासकले प्रथमतः मत दिन पाउँदैन तर मत बराबर भएको खण्डमा एक निर्णयात्मक मत दिन सक्ने छ ।

(५) समितिमा प्रशासक वा सहायक प्रशासकमध्ये कुनै एक जना वा अरू कुनै सञ्चालकको स्थान खालि भएको वा समितिको गठनमा कुनै दोष पर्न गएको कारणबाट मात्र समितिले गरेको कुनै काम कारवाइ गैर कानूनी हुनेछैन ।

९. समितिलाई मुलतबी राख्ने श्री ५ को सरकारको अख्तियार:– यो ऐन बमोजिम गर्नुपर्ने काम गर्न असमर्थ ठहराएमा श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी समितिलाई मुलतबी राखी त्यसको ठाउँमा यो ऐन बमोजिम समितिको काम सञ्चालन गर्न कुनै व्यक्ति वा संस्थालाई मुकरर गर्न सक्ने छ र त्यस्ता व्यक्ति वा संस्थाले यो ऐन र यस अन्तर्गत बनेका नियमहरू अन्तर्गत गरेको सबै काम कारवाइ यो ऐन बमोजिम समितिले गरे सरह मान्यता दिइने छ ।

१०. विवरण पेश गर्ने:– दफा ६ को उपदफा (१) को खण्ड (घ) अन्तर्गत प्रशासक, सहायक प्रशासक वा कुनै सञ्चालकलाई बर्खास्त गरेपछि वा दफा ९ अन्तर्गत समितिलाई मुलतबी गरे पछि श्री ५ को सरकारले सो गर्नुपरेको कारण खोली विस्तृत विवरण श्री ५ महाराजाधिराजका जुनाफमा यथाशीघ्र पेश गर्नुपर्छ ।

११. श्री ५ को सरकार र कोषको सम्बन्ध:– यो ऐन बमोजिम कोषले श्री ५ को सरकारको राय वा स्वीकृति लिनुपर्ने कुरामा वा श्री ५ को सरकारमा पेश गर्नुपर्ने कुरामा श्री ५ को सरकारसंग लेखापढी गर्दा श्री ५ को सरकारको अर्थ मन्त्रालय मार्फत् गर्नुपर्छ ।

## परिच्छेद– ३

### काम कारवाइ

१२ अनिवार्य रूपबाट कर्मचारीहरूको तलबबाट रुपैयाँ कट्टी गरी कोषमा जम्मा गर्ने श्री५कोसरकारकोअधिकार:–(१) श्री ५ को सरकारले कर्मचारीहरूको तलबबाट महीना महीनामा अनुसूचीमा तोकिएको दरले रुपैयाँ कट्टी गरी कोषमा जम्मा गर्न सक्ने छ । रुपैयाँ कट्टी गर्ने तरीका बारे श्री ५ को सरकारले कोषको राय लिई नियमहरू बनाउन सक्ने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उदपफा बमोजिम रुपैयाँ कट्टी गर्दा कोषको राय लिई श्री ५ को सरकारले प्रत्येक साल-तमाम हुने महीनाको आखिरी दिनमा कर्मचारीले पाउने मासिक तलबको आधारबाट अनुसूची बमोजिम कट्टी हुने रुपैयाँको दरले आउँदो आर्थिक वर्षमा कट्टी गर्न, आर्थिक सालभित्रमा उक्त दरले काटिने रुपैयाँको अकमा घटी बढी नगर्ने गर्न र आर्थिक सालको शुरुदेखिमात्र तलबबाट कट्टी गर्ने गर्न सक्ने छ।

(३) कोषमा जम्मा गर्नुपर्ने रुपैयाँ अनिवार्य रूपमा काटिने छ र त्यसको लागि सम्बन्धित कर्मचारीको स्वीकृति लिनुपर्ने छैन.

(४) कुनै कर्मचारी सस्पेण्ड भएका बखत सस्पेण्ड भएको अवधिसम्म निजको रुपैयाँ कोषमा जम्मा गरिने छैन। तर लागेको अभियोग प्रमाणित नभै निज कर्मचारी सेवामा बहाल भएमा निजले पाउने तलबको अनुसूची बमोजिम समानुपातिक जम्मा रुपैयाँ कट्टी गरी कोषमा दाखिल गरिने छ।

(५) कुनै कर्मचारी बेतलबी वा आधा तलबी बिदामा बसेका बखत निजको रुपैयाँ कोषमा जम्मा गरिने छैन। अधि त्यसरी जम्मा हुन नपाएको रूपैयाँ पछि पूरा तलब पाउने भए पछि उपदफा (१) अन्तर्गत बनेका नियम अनुसार सो तलब-बाट कट्टी गरी कोषमा जम्मा गरिने छ।

(६) यसरी कोषमा रुपैयाँ जम्मा हुन आएपछि, प्रत्येक कर्मचारीको नाउँ-बाट जम्मा हुन आएको रुपैयाँ प्रत्येक कर्मचारीको नाउँमा खातासमेत खोली जम्मा गरिने छ।

१३. कोषमा रुपैयां जम्मा हुन आएपछि कोषले गर्ने कामः– (१) प्रत्येक महीनामा कर्मचारी-हरूको तलबबाट कट्टी भै कोषमा रुपैयां दाखिल हुन आएपछि कर्मचारीको नाम, निजको अड्डा र निजको नाउंमा हुन आएको रुपैयांको अंकसमेत खोली त्यसको सूचना निज कर्मचारी रहेको अड्डालाई कोषले दिनुपर्छ।

(२) कोषले आफू कहां रुपैयाँ जम्मा हुने प्रत्येक कर्मचारीलाई प्रशासक वा सहायक प्रशासक र कोषको समेत छाप लागेको परिचयपत्र दिनुपर्छ। त्यस्तो परिचय-पत्रको ढांचा कोषको राय लिई श्री ५ को सरकारले तोक्न सक्नेछ।

(३) कुनै कर्मचारीले आफ्नो परिचयपत्र हराएमा, च्यातिएमा, वा अस्पष्ट हुनेगरी धमिलिएमा वा मेटिएमा यो ऐन अन्तर्गत बनेका नियममा तोकिए बमोजिम फीस लिई कोषले निजलाई अर्को परिचयपत्र दिने व्यवस्था गर्नुपर्छ।

(४) साल तमाम भएपछि प्रत्येक कर्मचारीको नाउंमा गत सालभरमा जम्मा भएको रुपैयां गत सालभन्दा अघिल्लो सालमा जम्मा भएको रुपैयां र जम्मा भएको कूल जम्मा रुपैयां समेत देखिने गरी निज कर्मचारीलाई कोषले सूचना दिनुपर्छ।

९६ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. रुपैयां झिक्नमा प्रतिबन्ध – कुनै कर्मचारीको नाममा कोषमा दाखिल भई जम्मा रहेको रुपैयां निज सेवामा बहाल रहुन्जेल फिर्ता झिक्न सकिनेछैन ।

१५. सावा ब्याज दिनेः– (१) हरेक साल तमाम भएपछि ६ महीनाभित्र कोषले प्रत्येक कर्मचारीको जम्मा हुन आएको रुपैयांमा वार्षिक ३ प्रतिशतको दरमा नघटाई ब्याज दिनुपर्छ र त्यस्तो ब्याजको रुपैयां आर्थिक सालको शुरूमै त्यस्तो प्रत्येक कर्मचारीले कोषमा जम्मा गरेको मानिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि हरेक आर्थिक साल तमाम भएपछि ६ महीनाभित्र कोषले त्यस्तो कर्मचारीबाट गत साल भरमा जम्मा हुन आएको रुपैयांमा १।। डेढ प्रतिशतमा नघटाई र गत सालभन्दा अघिल्लो साल सम्ममा जम्मा हुन आएको रुपैयांमा वार्षिक ३ प्रतिशतमा नघटाई ब्याज दिनुपर्छ र त्यस्तो ब्याजको रकम आर्थिक सालको शुरूमै त्यस्तो कर्मचारीले कोषमा जम्मा गरेको मानिने छ ।

(३) उपदफा (२) मा लेखिएकोभन्दा बढी दरले कोषले ब्याज दिंदा पनि सोही उपदफामा लेखिएको ब्याजको दरको अनुपात लागू गर्न सक्नेछ ।

(४) कोषले आफ्नो पूंजीको प्रचलित बजार भाउले मूल्यांकन गर्दा कोषको दायित्वभन्दा कमसेकम दश प्रतिशतभन्दा बढी पूंजी नभै वार्षिक ३ प्रतिशतभन्दा बढी ब्याज दिन हुंदैन ।

(५) प्रत्येक आर्थिक साल तमामको दिन कोषको पूंजी र दायित्व उपदफा (४) बमोजिम प्रचलित बजार भाउले मूल्यांकन गर्दा वार्षिक ३ प्रतिशत ब्याज दिन नपुग्ने भएमा यस्तो ब्याज दिन नपुग रकम जति श्री ५ को सरकारको सञ्चित कोषप्रति व्ययभार हुनेछ ।

(६) उपदफा (५) बमोजिम सञ्चित कोषप्रति व्ययभार भएको रकम आउंदो जुनसुकै आर्थिक साल तमाममा कोषले उपदफा (४) बमोजिम मूल्यांकन गरी वार्षिक ३ प्रतिशतभन्दा बढी ब्याज दिनसक्ने भएमा संचित कोषप्रति व्ययभार भएको रकम चुक्ता नगरी वार्षिक ३ प्रतिशतभन्दा बढी ब्याज दिनु हुँदैन र सञ्चित कोषप्रति व्ययभार भएको रकम सबैभन्दा पहिले नै संचित कोषमा दाखिल गर्नुपर्छ ।

(७) माथि उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएका महीनाले आउंदो बाह्र महीनासम्म कोषले दिनुपर्ने ब्याजको रुपैयां सञ्चित कोषप्रति व्ययभार हुनेछ र सो व्ययभार भएको रकम कोषले उपदफा (६) बमोजिम सञ्चित कोषमा फिर्ता गर्नु पर्नेछैन ।

(८) कोषमा कुनै कर्मचारीको नाउंमा जम्मा हुन आएको रकम कर्मचारीले जुनसुकै कारणबाट सेवाबाट अवकाश पाएपछि निजले तुरुन्त पाउनेछ । निजको मृत्यु भैसकेको भए निजले इच्छाएको व्यक्तिले पाउँनेछ । निजले कसैलाई इच्छाएको


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रहेनछ वा इच्छाएको भए तापनि त्यसरी इच्छाएको व्यक्तिको पनि मृत्यु भैसकेको रहेछ भने निजको देहायको नाता पर्ने आश्रितहरूमध्ये क्रमानुसार जुन अघिल्लो जीबित रहन्छ उसैले तुरुन्त पाउनेछः–

(क) पति वा पत्नी,
(ख) अविवाहित छोरा–छोरीहरूमा बराबर हिस्सामा,
(ग) बाबु आमा,
(घ) अविवाहित भाइहरूमा बराबर हिस्सामा,
(ङ) अविवाहित बहिनीहरूमा बराबर हिस्सामा,
(च) विवाहित छोराहरूमा बराबर हिस्सामा,
(छ) छोराको विधवा पत्नी,
(ज) मृत छोराको छोरा–छोरीहरूमा बराबर हिस्सामा,
(झ) बाबुपट्टिको बाजे बज्यै ।

(९) उपदफा (८) अन्तर्गत कर्मचारीको नाउंमा कोषमा जम्मा रहेको रुपैंयां नझिक्दै निज कर्मचारीले इच्छाएको व्यक्तिको मृत्यु भएमा वा निज कर्मचारीले चाहेमा अर्को व्यक्तिलाई इच्छाउन सक्नेछ ।

(१०) सेवाको अवधि पुगी वा उमेरको हदबाट अवकाश पाउने कर्मचारीको हकमा अवकाश पाउने छमहीना अगावै कर्मचारीको नाम, अवकाश पाउने मिति खोली सो कर्मचारी काम गरिरहेको अड्डाले कोषलाई पूर्व सूचना पठाउनुपर्छ ।

(११) कुनै कर्मचारी आफ्नो साबिकको अड्डाबाट सरुवा वा बढुवा भै अर्को अड्डामा गएमा वा साबिककै अड्डामा बढुवा भएमा साबिकको अड्डाले त्यसको लिखित सूचना कोषलाई तुरुन्त दिनुपर्छ ।

१६. अरू संगठित स्वशासित संस्थासंग सम्झौता गर्नेः– (१) कुनै नेपाल कानून बमोजिम खडा भएको कुनै संगठित स्वशासित संस्थाले आफ्नो संस्थाका कर्मचारीहरूको यो ऐन अन्तर्गत रुपैयां कट्टी गरी कोषमा जम्मा गर्ने र सञ्चालन गर्ने निवेदन गरेमा यस ऐनमा बाधा नपर्नेगरी त्यस्तो संस्थासंग कोषले गर्नुपर्ने सम्झौताको मसौदा श्री ५ को सरकारमा पेश गरी सो सम्झौता गर्ने स्वीकृति श्री ५ को सरकारबाट प्राप्त भएपछि कोषले त्यस्तो संस्थासंग सम्झौता गरी त्यस्तो संस्थाको मांग पूरा गरिदिन सक्नेछ र त्यसको सूचना श्री ५ को सरकारलाई दिनुपर्छ । त्यस्तो सूचना प्राप्त भएपछि श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी यो ऐनका कुराहरू कोषसंग सम्झौता गर्ने संगठित स्वशासित संस्थाका कर्मचारीहरू र निजहरूको कोषमा जम्मा भएको रकमको साँवा र ब्याजका सम्बन्धमा पनि लागू हुनेगरी घोषित गर्न सक्नेछ । त्यस्तो सूचना प्रकाशित भएपछि यो ऐनका कुराहरू श्री ५ को सरकारका कर्मचारी, निजहरूको कोषमा जम्मा भएको रकमको साँवा र ब्याज सम्बन्धमा लागू भए सरह त्यस्ता स्वशासित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संस्थाका कर्मचारी र निजहरूको कोषमा जम्मा भएको रकमको साँवा र ब्याजको सम्बन्धमा पनि लागू हुनेछ ।

(२) उपदफा (१) मा लेखिए बमोजिम सम्झौता भै काम चालू भएपछि कुनै कारणबाट त्यस्तो संस्था विघटन भएमा त्यसका कर्मचारीहरू यो ऐनको प्रयोजनको लागि स्वतः सो संस्थाको सेवाबाट हटेको मानिने छ ।

१७. पूंजी सार्नेः– (१) यो ऐन प्रारम्भ हुनुभन्दा अघिल्लो मितिसम्म श्री ५ को सरकारले सञ्चालन गरेको निजामती प्रभिडेंट फण्ड, सैनिक द्रव्य कोष, र कर्मचारीको सञ्चय कोषको पूंजी र दायित्व यो ऐन प्रारम्भ भएपछि कोषमा सरेको मानिनेछ । श्री ५ को सरकारले उक्त कोषहरूको पूंजी र दायित्व सम्बन्धी स्रेस्ता कागजात र यो ऐन अन्तर्गत सञ्चालन गर्ने काम यो ऐन प्रारम्भ भएको ६ महीनाभित्र कोषलाई बुझाइदिनेछ र कोषले यसरी पूंजी, दायित्व र सम्बन्धित स्रेस्ता कागजातहरू बुझिसकेपछि यो ऐन प्रारम्भ हुनुभन्दा अघि कर्मचारीहरूको नाउंमा जम्मा भैराखेको रुपैयां कोषमा जम्मा भएको मानिनेछ र यो ऐन अन्तर्गत सो रुपैयांको सञ्चालन हुनेछ ।

(२) उपदफा (१) बमोजिम कोषले पूंजी र दायित्व बुझिलिनु पर्दा निजामती प्रभिडेंट फण्ड, सैनिक द्रव्य कोष र कर्मचारीको सञ्चय कोषबाट लगानी भएको पूंजीमध्ये साँवा, ब्याज वा दुवैको केही वा पूरा उठ्न नसक्ने भन्ने कोषले ठहराएमा सो पूंजी र लगानीका हकमा कोषले मूल्यांकन गरेको मोललेमात्र कोषले त्यस्तो पूंजी लगानी बुझी लिएको मानिनेछ । त्यस्तो पूंजी लगानी कोषले बुझि लिएपछि सो पूंजी लगानीमा नपुग हुन आएको रुपैयां जति कोषलाई श्री ५ को सरकारको संचित कोषबाट प्राप्त हुनेछ ।

(३) उपदफा (२) बमोजिम कम मोलको वा नउठ्ने भन्ने ठहराएका पूंजी लगानी बुझिलिनु अगावै श्री ५ को सरकारलाई त्यस्तो पूंजी लगानीको यथार्थ विवरण अवस्था बजार भाउले मूल्यांकन गरी कोषले रिपोर्ट पेश गर्नुपर्छ ।

(४) उपदफा (३) बमोजिम रिपोर्ट प्राप्त भएपछि त्यस्तो पूंजी लगानीको रुपैयां कोषलाई श्री ५ को सरकारको संचित कोषबाट तुरुन्त प्राप्त हुने गरी त्यस्तो पूंजी लगानी श्री ५ को सरकारले लिने गरी ३ महीनाभित्र कोषलाई निर्देश पठाउन सक्नेछ । त्यस्तो निर्देशको अनुसरण कोषले गर्नुपर्छ ।

१८. कोषको सुरक्षाः– प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायमा लेखिएकोमा देहाय बमोजिम हुनेछः–

(क) कोषमा कर्मचारीको नाउँमा जम्मा रहेको रुपैयाँमा कर्मचारीका अंशियारहरू कसैको अंश बापत हक लाग्ने छैन । अंशबण्डा गर्न पनि निजलाई कर लाग्ने छैन । अदालतको फैसला भए पनि कर्मचारीको कोषमा जम्मा रहेको रुपैयाँमा साहू महाजनको दावा पुग्ने छैन । नेपाल कानून अन्तर्गत

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सर्वस्व जायजात हुने लगायत कुनै कसूरमा कोषमा रहेको कर्मचारीको रुपैयाँ हरण हुने छैन। सरकारी रकम कलम बाँकी लिन पर्नेमा समेत सो रुपैयाँ कट्टी वा हरण गरिने छैन ।

(ख) कर्मचारीको नाउँमा कोषमा जम्मा रहेको रुपैयाँमा र कोषको मुनाफामा र कोषबाट कर्मचारीले आफ्नो नाउँमा जम्मा भएको रुपैयाँ प्राप्त गरेपछि सो प्राप्त गरेको रुपैयाँमा कुनै किसिमको कर लाग्ने छैन ।

(ग) कुनै कम्पनीमा कोषको कुनै रकम लगानी वा ऋणमा गैराखेकोमा सो कम्पनी विघटन भै त्यसको जायज्यथा वितरण हुँदा कोषको लगानी त्यस बापतको लाभांश र ऋणको असूल उपर हुन बाँकी रकम बापत त्यस्तो कम्पनीको जायज्यथा उपर कोषको सबभन्दा पहिलो हक रहने छ। अरू कुनै व्यक्तिबाट कोषको कुनै रकम लिनु बाँकी भएकोमा पनि त्यस्तो व्यक्तिको जायज्यथा साहूहरूको दामासाहीमा परेमा निजको जायज्यथा उपर कोषको लिनुपर्ने रकम बापत सबैभन्दा पहिलो हक रहने छ। कोषको त्यसरी लिनुपर्ने बाँकी रकम असूल उपर भैसकेपछि-मात्र बाँकी रहन आएको त्यस्तो कम्पनी वा व्यक्तिको जायज्यथामा अरू व्यक्तिको हक लाग्ने छ।

१९. कोषको अधिकारः– कोषलाई देहाय बमोजिमको अधिकार हुनेछः–

(क) श्री ५ को सरकारको ऋणपत्रमा लगानी गर्ने र त्यस्तो ऋणपत्र खरीद बिक्री गर्ने,

(ख) कोषले लगानी गर्नेमा र कोषले तोकेको शर्त तथा न्यूनतम ब्याजमा लाभांशको निमित्त कोषलाई अन्यथा प्राप्त नभएमा श्री ५ को सरकार-को सञ्चित कोषबाट प्राप्त हुने गरी श्री ५ को सरकारबाट ग्यारेण्टी गरिएको वा जमानत दिइएको जुनसुकै उद्योग धन्दा तथा विकासका काम र अरू जुनसुकै काममा लगानी गर्ने,

(ग) कोषको प्रधान कार्यालय तथा शाखा उपशाखाहरूको निमित्त चाहिने घर जग्गा खरीद गर्ने, बन्धकी लिने र बिक्री गर्ने,

(घ) कोषको जायज्यथा बिक्री बन्धक राखी सरसापटी लिने, बहालमा राख्ने बिक्री गर्ने र कोषको जायज्यथाको सुप्रबन्ध गर्ने,

(ङ) कोषको पूंजीबाट सञ्चय कोष बैंक शाखा उपशाखा खोली देहाय बमोजिम बैंकिग इन्स्योरेन्सको काम गर्नेः––

(१) सुन, चाँदी, सुनचांदीको गहना र जवाहरात बन्धकी लिई प्रशस्त जमानतमा लगानी गर्ने,

९६२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) मागेको बखत तुरुन्तै असूल हुने गरी नेपाल अधिराज्यभित्र स्थापित बैंकहरूलाई चल सम्पत्तिको जमानतमा ऋण दिने,

(३) नेपाल राष्ट्रबैंकको स्वीकृति लिई सो बैंकले तोकिदिएको शर्त बमोजिम नेपाली र विदेशी मुद्राको सटहीको काम गर्ने,

(४) बैंक हुण्डी, प्रोमिसरी नोट र बिल अफ एक्सचेञ्ज खरीद विक्री गर्ने र सकारनामा गर्ने,

(५) कम्पनीहरूको शेयरको मुनाफा र प्रोमिसरी नोटको व्याज उठाई दिने,

(६) प्रतितपत्र दिने, चलाउने,

(७) निकासी पैठारीको बिल बिक्री सकारनामामा सम्झौता (नेगोसियट) गर्ने,

(८) श्री ५ को सरकारको रुपैयाँ जिम्मा लिने

(९) बचत खाता र चल्ती खाता खोल्ने,

(१०) कोषबाट लिएको ऋण म्यादभित्र नबुझाएमा कोषमा राखेको जमानत बिक्री गरी असूल उपर गर्ने,

(च) यो ऐन अन्तर्गत गर्नुपर्ने काम गर्दा परिआउने सबै कामकाज गर्ने,

(छ) यो ऐन अन्तर्गत बनेका नियमहरूमा तोकिएको शर्त र अवस्थामा कर्मचारीहरूलाई सापटी दिने, र

(ज) पाल अधिराज्यभित्रका र विदेशी बैंकहरूको नगद प्रमाणपत्र (क्यास सर्टिफिकेट) र मुद्दती डिपोजिटमा लगानी गर्ने।

२०. निषेध गरिएका कामहरू:– कोषले देहायका कामहरू गर्न निषेध गरिएको छ:–

(क समितिको कुनै सञ्चालकलाई यो ऐन अन्तर्गत बनेका नियमहरू बमोजिम दिने लिने बाहेक र कोषको कामको निमित्त दैनिक तथा भ्रमण भत्ताको सिलसिलामा दिने पेश्की बाहेक कुनै धितो जमानत लिई वा नलिई कोषबाट सापटी दिन,

(ख) गुठीको जायज्यथा शेष जमानत लिई ऋण दिन,

(ग) कोषको प्रधान कार्यालय र शाखा उपशाखाको निमित्त चाहिने घर जग्गामा र दफा १९ को खण्ड (ख) बमोजिम बाहेक अरू घर जग्गामा लगानी गर्न,

(घ) दफा १९ को खण्ड (ख) बमोजिम बाहेक कुनै कम्पनीको शेयर खरीद गर्ने र शेयरको धितो राखी सापटी दिन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिलिपि मात्र लागु हुनेछ।

## परिच्छेद– ४

### हिसाब किताब र त्यसको जाँच

२१. वार्षिक लाभ हानिको खाताः– श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकिदिएको ढांचा र तरीका अनुसार कोषले आफ्नो वार्षिक लाभ हानिको खाता श्री ५ को सरकारमा पेश गर्नुपर्छ। यसरी पेश हुन आएको खातालाई नियमित रूपमा श्री ५ को सरकारले नेपाल गजेटमा प्रकाशित गर्नेछ।

२२. वार्षिक हिसाब किताब र वार्षिक कामको रिपोर्टः– हरेक आर्थिक वर्ष अन्त भएको ६ महीनाभित्र सकेसम्म चांडो कोषले प्रशासक, सहायक प्रशासक, अरू सञ्चालकहरू र मुख्य एकाउण्टेण्टको सही परेको र अडिटरले समेत प्रमाणित गरेको वार्षिक हिसाब किताब र कोषको वर्ष भरको कामकाजबारेको वार्षिक रिपोर्ट श्री ५ को सरकारमा पेश गर्नुपर्छ। यस्तो हिसाब किताब र रिपोर्टलाई श्री ५ को सरकारले नेपाल गजेटमा प्रकाशित गर्नेछ।

२३. हिसाब जाँचः– (१) श्री ५ को सरकारले कोषको हिसाब जाँच्न कम-से-कम २ जना अडिटरहरू नियुक्त गर्नेछ। तिनीहरूको फीस श्री ५ को सरकारले तोकिदिए बमोजिम कोषले दिनेछ।

(२) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत विशेष अडिटरद्वारा कोषको हिसाब जाँच्न सक्ने छ।

(३) हरेक अडिटरलाई कोषले श्री ५ को सरकारले तोकिदिएको ढांचा र तरीका अनुसार आफ्नो वार्षिक लाभ हानिको खाता एक प्रति दिनुपर्छ र अडिटरले तत्सम्बन्धी भाउचर कागजात, कोषको स्रेस्ता र हिसाब जाँच्न पर्नेछ। कोषले राखेको बहीखाताको फिरिस्त हरेक अडिटरलाई देखाउनु पर्छ र अडिटरले चाहेमा जुनसुकै बहीखाता र सम्बन्धित कागजात पनि हेर्न पाउने छ। कामको निमित्त मद्दत चाहिएमा अडिटरले आफ्नो एकाउण्टेण्टलाई मद्दतको रूपमा काम लगाउन सक्ने छ। हिंसाब जाँच्ने सिलसिलामा अडिटरले कोषको समिति, प्रशासक, सहायक प्रशासक सञ्चालक र कोषका जुनसुकै अफिसर र कर्मचारीहरूसमेत बुझ्न सक्ने छ।

(४) उपदफा (३) मा लेखिए बमोजिम हिसाब जाँचिसकेपछि अडिटरले देहायका कुराको स्पष्ट उल्लेख गरी श्री ५ को सरकारमा रिपोर्ट पेश गर्नुपर्छः–

(क) कोषले तयार गरेको लाभ हानिको खातामा पार्नुपर्ने कुराहरू परेको छ छैन र सो खाताले कोषको यथार्थ आर्थिक अवस्था व्यक्त गर्छ गर्दैन, र

(ख) हिसाब यो ऐन बमोजिम नियमित छ छैन। सोधनी गरिएका कुरामा सन्तोषजनक उत्तर पाएको छ छैन।

e 9108 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद– ५

### विविध

२४. अनुसन्धानको व्यवस्थाः– कर्मचारीहरूको आर्थिक स्थितिमा सुधार ल्याउनको निमित्त कोषले अनुसन्धानको व्यवस्था गर्न सक्ने छ र यसरी अनुसन्धानबाट प्राप्त भएका तथ्यांकमा कोषले आफ्नो राय समावेश गरी श्री ५ को सरकारलाई रिपोर्ट पेश गर्न सक्ने छ ।

२५. भैपरी आउने कामको निमित्त रुपैयां राख्नेः–हरेक आर्थिक वर्षको अन्तमा हुन आएको मुनाफाबाट रिजर्भ, डेप्रिसिएसन कोषको भैपरी आउने कामको निमित्तसमेत समितिले आवश्यक ठाने जति रुपैयां राख्न सक्नेछ।

२६. हानि नोक्सानी बारे अधिकारीहरूको बचाउः–कोषको प्रशासक, सहायक प्रशासक, संचालक, अफिसर वा अरू कर्मचारीहरूले यो ऐन बमोजिम कामकाज गर्दा बेइमानी चिताएको वा जानी जानी बेहिसाब गरेको रहेनछ भने निजहरूको कामकाजबाट पर्न आएको कुनै हानि नोक्सानीको निमित्त निजहरू व्यक्तिगत तवरले जवाफदेही हुनेछैन ।

२७. विघटनः–कुनै कारणबाट कोषलाई विघटन गर्नुपर्छ भन्ने समितिलाई लागेमा त्यसको कारण खुलाई समितिले श्री ५ को सरकारमा रिपोर्ट पेश गर्नुपर्छ र त्यस्तो रिपोर्ट परेपछि श्री ५ को सरकारले कोषको सबै दायित्व आफूले वहन गरी कोषलाई विघटन गर्न सक्नेछ । विघटन गर्ने तरीका श्री ५ को सरकारले तोकिदिए बमोजिम हुनेछ ।

२८. कोषको प्रशासक, सहायक प्रशासक, सञ्चालक, अफिसर र कर्मचारीहरूउपर प्रतिबन्धः– कोषको प्रशासक, सहायक प्रशासक, कुनै, सञ्चालक अफिसर वा अरू कर्मचारीले कोषसंग हुने कुनै लिखित पट्टा कबूलियतमा साझेदार हुन पाउने छैन ।

स्पष्टीकरणः– देहायका अवस्थामा कोषको प्रशासक, सहायक प्रशासक, सञ्चालक, अफिसर वा कर्मचारी साझेदार भएको मानिनेछः–

(क) कोषसंग हुने पट्टा कबूलियतमा निजको आफ्नै तर्फबाट वा आफू मेनेजिंग डाइरेक्टर वा एजेंट रहेको कम्पनीको तर्फबाट निजको नाम साझेदारको रूपमा सम्मिलित भएकोमा, वा

(ख) कोषसंग हुने पट्टा कबूलियतको साझेदार भएको कुनै फर्म वा प्राइभेट लिमिटेड कम्पनीमा निज शेयरहोल्डर भैराखेकोमा ।

२९. दण्ड सजायः–(१) यो ऐन अतर्गत कोषमा रहेको कुनै कागजातमा कसैले जानी जानी झुट्टा व्यहोरा पारेमा वा जानी जानी पार्न लगाएमा सो व्यक्तिलाई २ वर्षसम्म कैद वा रू. दुईहजारसम्म जरीवाना वा दुवै सजाय हुनेछ ।

(२) कुनै व्यक्तिले कोषको तत्काल प्रशासक, सहायक प्रशासक, सञ्चालक, अफिसर वा कर्मचारी भै दफा २८ उल्लंघन गरी पट्टा कबूलियत लिएमा निजलाई २ वर्षसंम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित भएपछि मात्र लागु हुनेछ।

कैद वा रू. ५००० पांचहजारसम्म जरीवाना वा दुवै सजाय हुनेछ ।

(३) कुनै व्यक्तिले दफा २३ अन्तर्गत नियुक्त भएको अडिटरलाई निजको कामकाजमा बाधा विरोध गरेमा वा निजले कानून बमोजिम मांगेको कागजपत्र र सूचना कुनै मनासिब कारणविना नदिएमा निजलाई रू. १००० एकहजारसम्म जरीवाना हुनेछ ।

(४) यस दफा अन्तर्गत सजाय हुने कसूर सम्बन्धी कारवाइमा जिल्ला अदालतले जांचबुझ गरी फैसला गर्नेछ र त्यस उपरको अपील सम्बन्धी व्यवस्था प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

३०. नियमहरू बनाउने अधिकारः–(१) यो ऐनको उद्देश्य पूरा गर्न समितिले नियमहरू बनाउन सक्नेछ । श्री ५ को सरकारबाट स्वीकृत नभै ती नियमहरू लागू हुनेछैनन् ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी खास गरेर देहायका सबै वा केही विषयहरूमा नियमहरू बनाउन सकिनेछः–

(क) समितिले गर्ने कामको तरीका र समितिको सभाको कार्यविधिबारे,

(ख) समितिले प्रशासकलाई र प्रशासकले आफूमुनिका अफिसर र अरू कर्मचारीहरूलाई अख्तियारी सुम्पनेबारे,

(ग) कोषका अफिसर र अरू कर्मचारीहरूको नियुक्ति, प्रमोशन, सरुवा, बर्खासी, तलब, भत्ता, पेन्सन, उपदान, बिदा, आचरण, अनुशासनसमेत सेवाका शर्तहरू र गठनबारे,

(घ) प्रचलित नेपाल कानूनको प्रतिकूल नपर्नेगरी कोषतर्फबाट गरिने पट्टा कबूलियत सम्बन्धी शर्तहरूबारे,

(ङ) कोषको छाप बनाउने कार्यविधिबारे,

(च) कोषको हिसाब तथा लाभ हानिको खाता राख्ने र त्यसको ढांचाबारे,

(छ) परिचयपत्र हराएको, च्यातिएको वा अस्पष्ट हुनेगरी धमिलिएको वा मेटिएकोमा कर्मचारीलाई नयां परिचयपत्र दिनेबारे,

(ज) कोषले लगानी गर्नेबारे, र

(झ) साधारणतः कोषले यो ऐन अन्तर्गत गर्नुपर्ने सबै कामकाजको सुव्यवस्था गर्नेबारे ।

३१. अरू नेपाल कानूनसंग बाझिएमा गर्नेः–प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन र यस अन्तर्गत बनेका नियमहरूमा लेखिएकोमा सोही बमोजिम र अरूमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

३२. बचाउः–नेपाल अधिराज्यको संविधानको धारा ५५ को उपधारा (४) अनुसार यो ऐन निष्क्रिय भएमा यो ऐनलाई कुनै अर्को नेपाल ऐनले खारेज गरे सरह मानिई यो ऐन अन्तर्गत भए गरेका काम कुराहरूमा नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४ लागू हुनेछ ।

९८·६०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची

| मासिक तलब | | महीनैपिच्छे कट्टी गर्ने |
|---|---|---|
| | ५० सम्मलाई | २ |
| ५० देखि माथि | ७५ " | ४ |
| ७५ " | १०० " | ६ |
| १०० " | १५० " | ११ |
| १५० " | २०० " | १६ |
| २०० " | ३०० " | २७ |
| ३०० " | ४०० " | ४० |
| ४०० " | ५०० " | ५५ |
| ५०० " | ६०० " | ७२ |
| ६०० " | ७०० " | ९१ |
| ७०० " | ८०० " | ११२ |
| ८०० " | ९०० " | १३५ |
| ९०० " | १००० " | १६० |
| १००० " | ११०० " | १८७ |
| ११०० " | १२०० " | २१६ |
| १२०० " | १३०० " | २४७ |
| १३०० " | १४०० " | २८० |
| १४०० " | १५०० " | ३१५ |
| १५०० " | १६०० " | ३५२ |
| १६०० " | १७०० " | ३९१ |
| १७०० " | १८०० " | ४३२ |
| १८०० " | " | ४७५ |

इति सम्वत् २०१९ साल गते रोज शुभम्-------------

लालमोहर सदर मितिः २०१९।४।१०।४.

आज्ञाले–

उदयप्रसाद उपाध्याय

श्री ५ को सरकारको सहसचिव,

कानून तथा याय मन्त्रालय ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।